नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालले गरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-५६० दायर मितिः-२०८१/०२/१३**

**फैसला मितिः-२०८१।०२।३१**

| **वादी** | **प्रतिवादी** |
|---|---|
| **योगेन्द्र पटेलको जाहेरीले** | **जिल्ला पर्सा बिन्दवासिनी गाउँपालिका वडा नं.५ बस्ने ससुदिन राउत गदीको छोरा बर्ष २४ को महमद सल्लाउदिन राउत** |
| **नेपाल सरकार.........................१** | **गदी...............१** |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीले गाली गलौज गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त।

२. प्रतिवादीले गाली गलौज गर्दै हातपात समेत गरी अभद्र व्यवहार भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।

३. मैले जाहेरवालालाई गाली गलौज गर्दै हातपात समेत गरी अभद्र व्यवहार पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।

४. जाहेरवालालाई गाली गलौज गर्दै हातपात समेत गरी अभद्र व्यवहार ले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका सिताराम पण्डित कुम्हाल समेतको घटनाविवरण कागज।

५. प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको ईन्कारी बयान ।

६. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।

७. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

**ठहर-खण्ड**

यसमा प्रतिवादीले ईन्कारी बयान गरेता पनि मिति २०८१।१।९ गते अ.२३:०० बजेको समयमा जिल्ला पर्सा बिन्दवासिनी गा.पा.वडा नं.५ स्थित गाँउमा आएको जन्ती तथा विवाह हेरी घरतर्फ फर्किने क्रममा बिपक्षीहरु महमद सल्लाउदिन राउत गदी, ३४ बिन्दवासिनी ०८०।८१ (P), ३४ बिन्दवासिनी ०८०।८१ (Q), ३४ बिन्दवासिनी ०८०।८१ (R) र ३४ बिन्दवासिनी ०८०।८१ (S) समेतले अश्लिल शब्द प्रयोग गरी गाली गरेकोले निजहरुसँग सोधपुछ गर्दा झन आवेशमा आई विपक्षीहरूले हातमा बोकी ल्याएको फलामको पन्च समेतले कुटपिट गर्दै अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी सल्लाउदिन राउत गदीलाई कैद दिन १८ र जरिवाना रु.३०००/- अक्षरेपी तीन हजार मात्र र उपचार खर्च रु.९९३८/- नौ हजार नौ सय अठ्तीस ठहर्छ । अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**तपसिल खण्ड**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी सल्लाउदिन राउत गदीलाई ठहरेको कैद दिन १८ को हकमा निज मिति २०८१/०१/२६ देखि २०८१/०२/१२ सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवानाको हकमा र.नं.५५७/२०८१/०२/१३ बाट दाखिला गरेको धरौटी रकम रु.१२९३८/- बाट जरिवाना रकम रु.३०००/- कट्टी गर्नु र उपचार खर्च रु.९९३८/- वादीलाई उपलब्ध गराई सदर स्याहाको लागि लेखा शाखालाई पत्र लेख्नु --------------------------------------------------------------------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याददिनु-१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु-------------------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------------१

**दिनेश सागर भुसाल**

**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८१ जेष्ठ महिना ३१ गते विहीवार रोज ५/ ने.सं. ११४४ तछलाथ्व सप्तमी, शुभम् ........